# मंगलसेन नगरपालिका

☎: ०९७-६२०१३८

# नगर कार्यपालिकाको कार्यालय

## मंगलसेन, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

संख्याः २०७८/०७९

चलानी नं.

मितिः- २०७९।०२।१८

**विषयः- निर्णय सार्वजनिक गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मंगलसेन नगरपालिका नगरकार्यपालिकाको मिति २०७९।०२।१६ गते वसेको नवौं ( नवनिर्वाचित जनप्रतिनिधिको पहिलो ) कार्यपालिकाको वैठकले गरेका निर्णयहरु सम्वन्धित सवैको जानकारीको लागि सार्वजनिक गरिएको छ ।

१. नवनिर्वाचित जनप्रतिनिधिहरुलाई वधाई, जनप्रतिनि तथा कर्मचारी बिच परिचयात्मक कार्यक्रम गर्ने ।

२. अघिल्लो कार्यकाल सफलता पूर्वक सम्पन्न गर्ने जनप्रतिनिधि तथा स्थानिय तह निर्वाचन – २०७९ अन्तर्गत यस मंगलसेन नगरपालिकाको निर्वाचन स्वच्छ, निष्पक्ष, भयरहित, मर्यादित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सफल भएकोमा मुख्य निर्वाचन अधिकृतको कार्यालय मंगलसेन, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय लगायत सम्पूर्ण सरोकारवालालाई धन्यवाद ज्ञापन गर्ने ।

३. नगर प्रमुख श्री पदम बहादुर बोहरा ज्यूबाट मिति २०७९।०२।०९ गते (पदबहाली ग्रहण) का दिन गर्नु भएको तपशिलका ५ वटा निर्णहरुको अनुमोदन गर्ने ।

   a. नेपाल सरकार बाट निःशुल्क स्वास्थ्य बीमा गर्ने व्यक्ति बाहेकका दिर्घरोगीहरुका लागि निशुल्क स्वास्थ्य बिमा ।

   b. जोखिम अवस्थामा रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत उद्दारमा सहयोग पुर्याउन म न पा १३ को वस्ती र म न पा १२ को छापडाँडामा हेली प्याड स्थापना गर्ने ।

   c. २ रोपनी भन्दा बढी जग्गामा तरकारी खेति, ५ रोपनी भन्दा बढी जग्गामा अन्नवाली लगाउने र व्यवसायीक रुपमा पशुपालन गर्ने कृषकहरुलाई कृषि विमामा लाग्ने रकमको ७५ प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने ।

   d. नगरपालिकामा शव वाहन संचालनको व्यवस्था गर्ने ।

   e. वालसंरक्षण कोषको स्थापना गर्ने ।

४. नव निर्वाचित जनप्रतिनिधिहरुलाई नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन, -२०७४, मंगलसेन नगरपालिकाका विभिन्न ऐन, नियम, कार्यविधि तथा दिग्दर्शनमा जनप्रतिनिधिहरुका काम कर्तव्य र अधिकारको वारेमा जानकारी गराउने ।

५. सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, विधेयक समिति, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बार्षिक वजेट तथा कार्यक्रम तर्जुमा समिति र लेखा समिति गरि १० वटा समितिहरुको गठन ।

६. वडा नं. ३ का अध्यक्ष श्री बिर्ख वहादुर वोगटीलाई नगरकार्यपालिकाको प्रवक्ता तोक्ने ।

बिष्णु प्रसाद जैसी
सूचना अधिकारी

*'नगर विकासको आधार, कृषि, पर्यटन र पुर्वाधार'*

email-mmunicipalityachham@gmail.com/ mmun.infoofficer@gmail.com/website: www.mangalsenmun.gov.np